मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

आज ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस हो। संयुक्त राष्ट्रसंघको अगुवाईमा सन् १९९२ देखि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, गरिमा र सम्मानको प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष डिसेम्बर ३ मा यो दिवस मनाइन्छ। यस अवसरमा संसारभरि रहेका अपाङ्गता भएका व्यक्तिहरू तथा उहाँहरुको हकहितका लागि क्रियाशील भई समावेशी समाज निर्माणको अभियानलाई थप टेवा पुऱ्याउन अग्रसर संघसंस्था, नागरिक समाज एवम् सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

यस वर्ष **"Fostering disability-inclusive societies for advancing social progress"** भन्ने अन्तर्राष्ट्रिय नारा तथा **"अपाङ्गता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन"** भन्ने राष्ट्रिय नाराका साथ नेपालमा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइदैछ। यस दिवसले अपाङ्गता भएका व्यक्तिहरूका अधिकार, क्षमता र योगदानलाई सम्मान गर्ने अवसर प्रदान गर्दछ। समाजमा सबैको समान सहभागिता, पहुँचयुक्तता र समावेशिताको सुनिश्चितता हामी सबैको साझा जिम्मेवारी पनि हो। अपाङ्गतालाई विविधताको रुपमा हेरी राज्यका हरेक निकायहरुमा समान पहुँच, प्रोत्साहन र उपयोग गर्न सक्ने वातावरण निर्माण गर्नु अत्यावश्यक छ। शिक्षा, स्वास्थ्य, रोजगारी, तथा सामाजिक जीवनका सबै क्षेत्रमा सहज पहुँच र समान अवसर दिलाउन राज्य, संघसंस्था र नागरिक सबैको सक्रिय सहभागिता जरुरी छ।

कोशी प्रदेश सरकारले अपाङ्गता रोकथाम तथा पुनःस्थापनाका लागि प्रदेश सरकार, स्थानीय तह तथा गैर-सरकारी साझेदारीमार्फत विविध कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। अपाङ्गता संरक्षण क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुलाई अपाङ्गता लक्षित कार्यक्रम, तालिम, आवश्यक सहायक सामग्री वितरण लगायतका कार्यक्रम सञ्चालन अनुदान प्रदान गरिएको छ। अपाङ्गता भएका व्यक्तिलाई सञ्चार सेवा प्रदान गर्न दोभाषे सेवा र बौद्धिक अपाङ्गता तथा अटिज्म भएका बालबालिकाका लागि संस्थागत अनुदानजस्ता कार्यक्रमहरु प्रदेश सरकारबाट सञ्चालित छन्। अपाङ्गता भएका व्यक्तिहरुको समान अधिकार सुरक्षित गर्दै समतामुलक, समावेशी, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न कोशी प्रदेश सरकार प्रतिबद्ध छ।

अन्त्यमा, यस विशेष दिनले हामी सबैलाई अपाङ्गता भएका व्यक्तिहरूको क्षमता, आत्मबल र योगदानलाई कदर गर्दै, उनीहरूलाई अझ सशक्त बनाउन सहयोग पुऱ्याउन सकोस् भन्ने कामना गर्दछु।

३ डिसेम्बर २०२५

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री